बिरामीलाई ढाढस देओ

पाष्टरीय तालीम पुस्तिका

३८

तालीम र वृद्धि

T&M ®

कष्टका कारणहरु अनि कसरी पर मेश्वरले यसलाई हाम्रो भलाइको निम्ति प्रयोग गर्नुहुन्छ

यस विषयमा अय्यूबको पुस्तकले कस्ता सत्यताहरु सिकाउँछ, हामी हेरौं ।

ऊज देशमा अय्यूब नाउँको एक व्यक्ति बस्दथे । तिनी निर्दोष र सोझो जीवन बिताउँथे । तिनी परमेश्वरसँग डर ाउँथे र दुष्टताबाट अलग बस्थे । (अय्यूब १:१)

तपाईको विचारमा, के अय्यूबले सजाय पाउनु पर्थ्यो ? _____

किन तपाईले यसो भन्नुहुन्छ ?

तर अय्यूबले धेरै कष्ट भोगे । उनी निर्दोष र विश्वासको व्यक्ति भए तापनि, उनका छोराहरु मरे, उनले सबै सम्पत्तिहरु गुमाए, अनि शैतानले अय्यूबको शिरदेखि पैतालासम्म कष्टप्रद खटिरा उब्जाइदियो । (अय्यूब १:१३-१९, अय्यूब २:७)

अय्यूबको पत्नीले त यसो भन्न पनि चुकाइनन्:

शैतानले उसलाई कष्ट दिएको हो भनी अय्यूबलाई थाहा थिएन । कष्टमा भएर पनि, अय्यूबले परमेश्वरलाई महिमा दिए ।

- किन एक निर्दोष अनि धर्मी मानिस अय्यूब बिरामी हुनुपर्‍यो ?
- किन उसले उसको परिवार र उसको सम्पत्ति गुमाउनु पर्‍यो ?
- किन इसाईहरु अनि अन्जान नानीहरुले आज कष्ट भोग्नु परिरहेछ ?
- किन हामी बिरामी हुन्छौं अनि वृद्ध अवस्थामा पुग्छौं ?
- किन परमेश्वरले कष्ट आउनलाई अनुमति दिनुहुन्छ ?

आज यिनै प्रश्नहरुले मानिसहरुलाई बिलखबन्दमा पारेको छ ।

परमेश्वरले कहिले-काहीँ हाम्रो विश्वासलाई जाँच्नको निम्ति बिरामी तथा कष्टलाई आउन दिनुहुन्छ ।

पढ्नोस् अय्यूब १:२०-२२ अनि २:९-१० । यहाँ हामीले दुइ मुख्य सत्यताहरु पाउँछौं:

- शैतानले रोग र कष्टहरु ल्याउँछ ।
- परमेश्वरले कहिले-काहीँ हाम्रो विश्वास जाँच्नको निम्ति कष्ट ल्याउन अनुमति दिनुहुन्छ ।

तब किन अय्यूबले कष्ट भोग्नु पर्‍यो ?

☐ उसका पापहरुको कारण उसले यो पाउनु पर्थ्यो ।

☐ परमेश्वरले अय्यूबको विश्वास जाँच्नको निम्ति शैतानलाई अनुमति दिनुभयो ।

यस कथाको अन्त रमाइलोसँग भएको छ । परमेश्वरले अय्यूबलाई निको पार्नुभयो अनि उससँग अघि जति थियो त्यसको दोब्बर भाग आशिष दिनुभयो ।

उत्पत्ति ३:१-२१ पढ्नुहोस् । कसरी यस संसारमा पापको प्रवेश भए पछि सारा सृष्टिलाई शत्रुता, चोट, कष्ट, दबाव, तितोपन, कठिनाइ, इत्यादिले प्रभाव पारेको थियो, विचार गर्नोस् ।

यसकारण यहाँ हामी पाउँदछौं कि:

- शैतानले मानव जातिलाई बन्धनमा पाऱ्यो । (हिब्रू २:१५)
- आदमको पापद्वारा यस संसारमा कष्ट र मृत्यु आयो । (रोमी ५:१२, उत्पत्ति ३:१४-१९)
- परमेश्वरले कहिले-काहीँ हाम्रो विश्वास जाँच्न अनि उहाँतर्फ खिँच्नको निम्ति कष्टलाई अनुमति दिनुहुन्छ ।

परमेश्वरले कहिले-काहीँ उहाँको महिमा प्रकट गर्न रोगलाई पनि प्रयोग गर्नुहुन्छ ।

यूहन्ना ९:१-३ पढ्नोस् । यहाँ चाहिँ एक जना मानिस अन्धै जन्मेको अनि शारीरिक रुपमा घाँडो जस्तो भएको देखिन्छ । हामीले अघि नै भने जस्तै, यस संसारमा पापको प्रवेशले सारा सृष्टिलाई दुष्प्रभाव पारेको छ – सिद्धता गुमेको छ – यसैकारण धेरै नानीहरु विकृतिहरु लिएर जन्मन्छन् ।

अन्धा मानिसलाई हेर्दै, चेलाहरुले येशूलाई सोधे: "कसले पाप गऱ्यो, यसले कि यसका आमा-बाबुले, र यो अन्धो जन्म्यो ?" येशूले जवाफ दिनुभयो, *"नता यसले पाप गऱ्यो न यसका*

आमा-बाबुले, तर यो यस हेतुले भयो कि परमेश्वरको काम यस मानिसको जीवनमा प्रकट होस् ।"

यस अवस्थामा, रोगको कारण जन्मैको विकृति थियो, तर यसद्वारा हाम्रो स्वर्गीय पितालाई महिमा हुनगयो । हरेक अवस्थामा, उहाँसँग माग्नेहरुलाई परमेश्वरले सान्त्वना, धीरज अनि सहनशीलता दिनुहुन्छ ।

पापका परिणामहरु देखाउनको निम्ति पनि परमेश्वरले रोगहरुलाई प्रयोग गर्नुहुन्छ ।

धेरै रोगका कारणहरु पाप, अज्ञानता अनि लापरवाही हुन् । कति मानिसहरु, नता परमेश्वरले तिनीहरुको विश्वास जाँच गर्न चाहनु भएर, नता तिनीहरुद्वारा उहाँको महिमा होस् भनेर, तर उनीहरुको आफ्नै भूलको कारण बिरामी पर्दछन् ।

तिनीहरुले आफू स्वयंको अनि तिनीहरुको परिवारको स्वास्थ्यको बारेमा वास्तै गर्दैनन् ।

तल देखाइएको मानिस यदि बिरामी पर्दछ भने, यसको सम्भावित कारणहरु के हुन सक्ला ?

पियक्कडलाई दोष्याउनु त सजिलो छ, किनकि उसले गरेको दुर्व्यसनको परिणाम छर्लङ्ग देखिन्छ । तर कतिपय इसाईहरुले पनि कष्ट पाउँछन्, दुर्व्यसनको कारणले होइन, तर लापरवाहीको कारणले । (उदाहरणको लागि, खाना बनाउनु भन्दा पहिले, अथवा पाइखाना गइसके पछि हात नधुनु ।) यदि उनीहरु बिरामी बन्दछन् भने यसको दोषी केवल तिनीहरु मात्र हुन् ।

गरिबीपन लापरवाही हुनको निम्ति कुनै बहाना हुनसक्दैन । हामीले नानीहरुलाई नुहाइदिनु अनि खुवाइदिनु पर्छ, पशुपंछीहरु बाहिर र ाख्नुपर्छ, अनि घर सफ गर्नुपर्छ ।

१ तिमोथी ५:८ मा पावलले भनेका छन्, *"यदि कसैले आफन्तहरुको र विशेष गरी आफ्नै परिवारको पालनपोषण गर्दैन भनेता त्यसले विश्वासलाई इन्कार गर्दछ, र विश्वास नगर्नेहरुभन्दा पनि खराब हुन्छ ।"*

पावलको विशेष चेतावनी कसलाई हो:

☐ विश्वासीहरुलाई ।

☐ अविश्वासीहरुलाई ।

आफ्नो परिवारको हेरचाह गर्नु कुनै पनि विश्वासीले पालन गर्नुपर्ने जिम्मेवारीहरुमध्ये पहिलो हो भनी पावलले यहाँ स्मरण गराएका छन् ।

कहिले-काहीँ परमेश्वरले आफ्ना अनाज्ञाकारी नानीहरुलाई सुधार्न बिरामीपनलाई प्रयोग गर्नुहुन्छ ।

बिरामीपनको अर्को उद्देश्य हुन्छ सजाय दिनु । परमेश्वर एक पिता हुनुहुन्छ जसले आफ्ना नानीहरुलाई प्रेम गर्नुहुन्छ । जब उनीहरु विद्रोही बन्दछन्, तब उहाँले तिनीहरुलाई सुधार्नुहुन्छ (१ कोरन्थी ११:३०-३२, हिब्रू १२:४-१३)। आफ्ना प्यारा नानीहरुलाई अनुशासित गर्न अनि हामीहरुमा धार्मिकताको फल फलाउन, परमेश्वरले उहाँको कृपामा बिरामीपन र कष्टका अरु श्रोतहरु प्रयोग गर्नुहुन्छ ।

यसरी हामी, बिरामीपनका उद्देश्यहरु के रहेछन् भनी बुझ्दछौं:

- ☐ हामी पवित्र पार्नको निम्ति ।
- ☐ हामीलाई नष्ट पार्नको निम्ति ।

याकूब ५:१४-१६ ले हामीलाई यो सतर्क गराउँदछ कि विश्वासी स्वयंको पापको कारणले गर्दा पनि उसले कष्ट भोग्नु पर्दछ । उसले पापक्षमा र चङ्गाइको निम्ति प्रार्थना गर्नुपर्दछ । अरुहरुले पनि उसको निम्ति प्रार्थना गर्नुपर्दछ, अनि एकाअर्काको भूलहरु स्वीकार गर्नुपर्दछ ।

अन्त्यमा, परमेश्वरले बिरामीपन र मृत्युलाई यो नश्वर जीवनको अन्त ल्याउनलाई प्रयोग गर्नुहुन्छ ।

परमेश्वरले बिरामीपन र मृत्युलाई हाम्रो नाशवान् देहलाई छोडिराख्न सम्भव होस् भनी प्रयोग गर्नुहुन्छ । यदि कोही इसाई नमर्ने हो भने ता, स्वर्ग ता रित्तै हुनेथ्यो !

कति जना चाहिँ मृत्यु पछि अनन्त महिमामा जानेछ, तर कति जना चाहिँ अनन्त सजाय भोग्न जानुपर्नेछ। (मत्ती २५:४६, गलाती ६:८)

तर परमेश्वरका जनहरुको निम्ति, यदि हामीले प्रभुलाई प्रेम गर्दछौं भने (रोमी ८:२८), हामीले वर्तमान समयमा भोगिर हेका कष्टहरु आउँदो महिमाको तुलनामा केही पनि होइनन् (रोमी ८:१८)।

यसकारण हामीले देख्यौं कि कष्ट र बिरामीपनका कारणहरु धेरै छन्, अनि ती सबै शैतान र यस संसारमा पाप प्रवेशद्वारा शुरु भयो। तर हामीले रोगी बिरामीलाई दोष्याउनु हुँदैन। रोग- बिमार अरु धेरै कारणहरुद्वारा लाग्दछ।

हामीले बिरामीहरुको लागि प्रार्थना गरिदिनुपर्दछ अनि उनीहरुलाई परमेश्वरमा भरोसा राख्न र उहाँका आत्माको सान्त्वना खोज्नको निम्ति उत्साहित गर्नुपर्दछ। यदि तिनीहरु स्वयंको गल्तीले उनीहरु बिरामी भएका हुन् भने, उनीहरु पर मेश्वरमा फर्कनको निम्ति उनीहरुलाई हाम्रो प्रेम र सहायताको खाँचो छ।

येशूले हाम्रा कष्टहरु बुझ्नुहुन्छ अनि उहाँ त्यसमा सहभागी बन्नुहुन्छ । यशैया आउनुहुनेवला ख्रीष्टको बारमा अगमवाणी गरेका थिए:



"निश्चय नै उसले हाम्रा निर्बलताहरु बोक्यो, र हाम्रा दुःख भोग्यो, तापनि हामीले उसलाई परमेश्वरबाट हिर्काइएको, उहाँबाट पिटिएको र दुःखमा परेको सम्झ्यौं ।" (यशैया ५३:४)

हाम्रा एक मुक्तिदाता हुनुहुन्छ जसले हाम्रा कष्टहरु र दर्दहरु बुझ्नुहुन्छ ।

यस पृथ्वीमा सेवकाइ गर्नुहुँदा येशूले बन्धनमा परेकाहरुलाई छुटकारा दिनुभयो (लूका ४:१८-१९) । जब उहाँ क्रूसमा मर्नुभयो अनि बौरी उठ्नुभयो, उहाँले एक नयाँ सृष्टि शुरु गर्नुभयो (२ कोरन्थी ५:१७)। यो प्रक्रिया त्यतिबेला मात्र पूरा हुन्छ जब हाम्रा प्रभु आउनु हुनेछ अनि सबै कुरा पुनर्स्थापित गर्नुहुनेछ, अनि हामीलाई उहाँकै जस्तो महिमाको शरीर दिनुहुनेछ (रोमी ८:२१, फिलिप्पी ३:२०,२१)।

हाम्रा कष्टहरुमा कसले साथ दिनेछ ? _____

बिरामीहरुलाई कसरी सान्त्वना र प्रोत्साहन दिनु

हामीले बिरामीहरुलाई प्रेमसाथ सान्त्वना दिनुपर्दछ ।

बिरामीहरुले कष्ट भोग्नु पर्ने हुन्छ, अनि उनीहरुलाई हाम्रो प्रेम र सहयोगको खाँचो पर्दछ ।

हामीले उनीहरुलाई भेट्न सक्छौं, उनीहरुलाई साथ दिन सक्छौं, उनीहरुको निम्ति प्रार्थना गर्न सक्छौं, अनि उनीहरुको खाँचो अनुसार सहयोग पुऱ्याउन सक्छौं ।

याकूब १:२-४ अनुसार, हामी उनीहरुलाई ती आपत्-विपत् आनन्दपूर्वक सामना गर्न सहयोग गर्नेछौं ।

हामीले बिरामीलाई परमेश्वरमा भरोसा गर्न सहायता गर्नु पर्छ ।

परमेश्वरमा भरोसा गर्नेहरुलाई मृत्युमा पनि उहाँले असल गोठालाको उपस्थिति र सुरक्षा जुटाउनुहुनेछ भनी बिरामी व्यक्तिलाई भजन २३ ले निश्चयता दिन्छ ।

मत्ती ८:५-१३ मा, कप्तानको विश्वासको कारण, येशूले कप्तानको नोकरलाई निको पारिदिनु भयो ।

मर्कूस २:१-१२ मा, येशूले पक्षाघातले पिडित व्यक्तिलाई निको पार्नुभयो, तर पहिले उसका पापहरु क्षमा गर्नुभयो । यदि बिर ामी व्यक्ति विश्वासी होइन भने, सबैभन्दा मुख्य कुरो उसको आत्मिकी उद्धारलाई जोड दिनु पर्दछ ।

रोमी ८:१६-२८ अनुसार, सब कुरा मिलेर हाम्रै भलाइको निम्ति काम गर्दछ ।

हामीले उनीहरुको चङ्गाइको लागि प्रार्थना गर्नुपर्दछ ।

याकूब ५:१४-१६ अनुसार, यदि कुनै विश्वासी बिरामी छ भने, मण्डलीका एल्डरहरुले उसलाई भेट्नु पर्‍यो, अनि उसलाई तेलले अभिषेक गरी प्रार्थना गरिदिनु पर्‍यो ।

हामीले बिरामीलाई मर्नको निम्ति तयार पार्नुपर्दछ ।

हरेक मानव जाति, विश्वासीहरु हुन् अथवा अविश्वासीहरु, मर्नुपर्दछ । यदि त्यो व्यक्ति मरिरहेको छ भने, हामीले उसलाई खीष्टमा भएर मर्नलाई सहायता गर्नुपर्दछ । यदि उनीहरु विश्वासीहरु होइनन् भने, उनीहरुले पश्चाताप गरी खीष्टमा विश्वास गर्न, हामीले बढो नम्र भावमा सहयोग गर्नुपर्दछ । हामी यो सत्यतामा आनन्दित हुन सक्नेछौ कि मृत्युद्वारा सबै इसाईहरु खीष्टसित रहनेछन् ।

यदि उनीहरु विश्वासीहरु हुन् भने, तलका खण्डहरुमध्ये एक पढ्नु होस्:

- फिलिप्पी १:२१-२३ (किनकि मेरो निम्ति जिउनु ख्रीष्ट हो, र मर्नु लाभ हो ।)

- १ थिस्स. ४:१३-१८ (मृत्यु हुँदा, हामी "ख्रीष्टमा सुत्छौं" मात्र । उहाँले हामीलाई उहाँसंगै व्युँताउनु हुन्छ ।)

- फिलिप्पी ३:२०-२१ (हाम्रो नागरिकता स्वर्गमा छ ।)

- १ कोरन्थी १५:३५-३८ र २ कोरन्थी ५:१ (पुनरुत्थान हुँदा, हामीले एक नयाँ, कहिल्यै नाश नहुने देह पाउनेछौं ।)

- रोमी ८:३५ (कुनै कुरोले पनि हामीलाई ख्रीष्टको प्रेमबाट अलग पार्न सक्तैन, नता कष्टले, न स्वर्गदूतहरुले, न मृत्युले ।)

शैतानबाट पेलिएका रोगी बिरामीहरुलाई बन्धनमुक्त गर्ने काम हामीले गर्नुपर्छ ।

यो सेवकाइको निम्ति साधारणतया अनुभवी इसाईहरुको खाँचो पर्दछ ।

यदि दुष्ट आत्माले बिरामीलाई कष्ट दिइरहेको छ भने, हामीले त्यसलाई प्रार्थना र उपवासद्वारा भगाउनै पर्छ। (मर्कूस ९:२९)

हामीले खीष्टको नाउँ अधिकारपूर्ण लिएर दुष्टात्माहरुलाई छोडिजानको निम्ति आज्ञा गर्नैपर्छ। यदि हामीले शैतानको विरोध गऱ्यौं भने त्यो भाग्नेछ (याकूब ४:७)। जुन इसाईले विश्वास अनि खीष्टको अधिकारमा प्रार्थना गर्दछ, उसित शैतान डराउँछ। त्यसले जे गर्नसक्छ, त्यसमा शैतानको शक्ति सीमित मात्रामा छ। खीष्टले त्यसलाई उहाँको मृत्यु र पुनरुत्थानमा हराइसक्नु भएको छ।

जुन व्यक्तिले छुटकारा चाहन्छ, उसले पनि विश्वासको अभ्यास गर्नुपर्छ। उसलाई परिपक्व अनि राम्ररी तयार भएका इसाईहरुको परामर्श अनि प्रार्थनाको खाँचो हुन्छ।

अरु जानकारीको निम्ति, "अन्धकारमाथि विजयी बन्दै जानु" नामक पाष्टरीय तालीम पुस्तिका ५७ हेर्नोस्।

हामी बूढापाकाहरुको राम्रो वास्ता पुऱ्याउनु पर्छ ।

राम्ररी सुन्न नसक्ने, स्पष्ट रुपमा देख्न नसक्ने अथवा मुस्किलले हिँड्ने बूढापाकाहरु निरास बन्दछन् । हामीले उनीहरुलाई उपयोगी बन्न अनि उनीहरुले जे गर्नसक्छन् त्यो गर्न सहयोग गर्नुपर्छ । हलुका कामहरु गर्नलाई दियौं भने उनीहरुले आफ्नो खाँचो भएको, आफू सामेल भएको, अनि वास्ता पुगेको, महसूस गर्नेछन्, अनि तिनीहरुले काम नलाग्दो भाँडोको रुपमा महसूस गर्नेछैनन् ।

हामीले बूढापाकाहरुलाई धेरै प्रकारसंग प्रोत्साहित गर्नसक्छौं:

- उनीहरुको निम्ति बाइबल पढिदिएर,
- उनीहरुको कुरा सुनिदिएर,
- उनीहरुसित बातचीत गरेर,
- उनीहरुको निम्ति किनमेल गरिदिएर,

- उनीहरुको निम्ति पकाइदिएर, अथवा उनीहरुलाई खाना लगिदिएर,
- उनीहरुको केश कोरिदिएर,
- उनीहरुको निम्ति गीत गाइदिएर,
- उनीहरुसंग प्रार्थना गरेर,
- घरमा वा मण्डलीमा उनीहरुलाई केही गर्न सघाएर,
- उनीहरुलाई पत्र लेखेर,
- उनीहरुलाई डुल्न लगेर अथवा बाहिर हिँड्न सहयोग गरेर,
- उनीहरुलाई नक्सा बनाउन, रङ्ग भर्न, अथवा हस्तशिल्प गर्न प्रोत्साहित गरेर,
- उनीहरुलाई एक सानो कुकुर साथीको निम्ति दिएर,

- नानीहरुलाई सिकाउनको निम्ति तिनीहरुलाई सामेल गरेर,

- तिनीहरुलाई ससाना उपहारहरु दिएर ।

बूढापाकाहरुको सेवा गर्नु ख्रीष्टको सेवा गर्नु जत्तिकै हो: *"साँच्चै, म तिमीहरुलाई भन्दछु, तिमीहरुले यी मेरा भाइहरुमध्ये सबैभन्दा सानामा एक जनालाई जे-जति गऱ्यौ, त्यो तिमीहरुले मलाई नै गऱ्यौ ।"* (मत्ती २५:४०)

बूढापाकाहरुलाई सहयोग गर्नु भनेको उनीहरुलाई उनीहरुको क्षमता अनुसार मण्डलीको क्रियाकलापहरुमा (अर्थात प्रार्थना, परामर्श, शिक्षण, हस्तशिल्प, इत्यादिमा) सामेल गराउनु हो ।

नियमानुसार, हरेक इसाई परिवारलाई उनीहरुका आफ्ना बाजेबोजुहरुको हेरचाह गर्ने सम्बन्धमा शिक्षा दिनुपर्ने हो । तर मण्डलीले चाहिँ परिवार नहुनेहरुलाई हेरचाह गर्नुपर्दछ । बूढो हुने समस्याको समाधान छैन, तर हाम्रा बूढापाकाहरुको निम्ति हामीले धेरै कुराहरु सहज र खुशीयाली बनाइदिन सक्छौं ।

बिरामीहरुको लागि कसरी प्रार्थना गर्ने

प्रार्थना गर्नुभन्दा अघि, बिरामी हुनुको मुख्य कारण पत्ता लाउनुहोस् ।

कहिले-काहीँ, प्रभु येशूले बिरामीसित अलग्गै बातचीत गर्न उसलाई बाहिर ल्याउनुभयो । (मर्कूस ८:२३)

हामी बिरामी स्वयंलाई अथवा उसको परिवारलाई समस्या के हो सोध्न सक्छौं । हामीले बिरामी हुनुको मुख्य कारण पत्ता लाउने प्रयास गर्नसक्छौं । हामीले बिरामीपनमा मात्र अभिरुची राख्नुहुन्न तर उसको सम्पूर्ण व्यक्तित्वमा अर्थात् उसको आत्मिकी, भावनात्मक, सामाजिक, मानसिक अनि शारीरिक अवस्था, सबैमा रुची राख्नुपर्दछ ।

उदाहरणको लागि, कति मानिसहरु यसकारणले बिरामी भएका हुन्छन् कि उनीहरुले त्यो व्यक्तिलाई क्षमा दिन सकेका हुँदैनन् जसले उनीहरुलाई चोट पुऱ्याएका छन् । जब तिनीहरुले क्षमा दिन्छन्, तिनीहरु निको हुन्छन् ।

कति मानिसहरु भूतात्माले सताइएको कारण बिरामी भएका हुन्छन् । (मर्कूस ९:१७-३०) जब हामी उनीहरुलाई सुनिदिन्छौं, पवित्र आत्माले त्यो व्यक्ति बिरामी हुनुको खास कारण हामीलाई प्रष्ट पारिदिनु भएको हामीले जान्न सक्छौं । यदि हामीले बिरामी हुनुको कारण जान्दैनौं भने ठिकै छ, हामीले तिनीहरुको निम्ति प्रार्थना मात्र गरिदिए पुग्छ ।

त्यो व्यक्ति पर्याप्त औषधि उपचार गरिरहेको छ कि छैन त्यो पनि पत्ता लाउनु जरुरी हुन्छ, अनि यदि गरेको छैन भने, उनीहरुले यो कुरा पाउनको लागि तिनीहरुलाई सहायता गरौं । वर्त्तमान कालको औषधिहरु परमेश्वरबाटका आशिषहरु हुन् ।

निको पार्नु हुने परमेश्वरमा विश्वास राखेर प्रार्थना गर्नोस् ।

दया र कृपाको हाम्रा परमेश्वरले हाम्रा कष्टहरुमा सान्त्वना दिनुहुन्छ (२ कोरन्थी १:४)। *"विश्वास गर्नेको लागि त सबै कुरा सम्भव छ ।"* (मर्कूस ९:२३) हामीले होइन, तर पर मेश्वरले नै निको पार्नुहुन्छ । बिरामीसित सम्बन्धित

व्यक्तिहरु अर्थात् जसले बिरामीको लागि प्रार्थना गर्दछ, बिरामी स्वयं, अनि जो जति त्यहाँ उपस्थित छन्– सबैमा विश्वास हुनुपर्छ । (मर्कूस २:५, यूहन्ना ११:२२)

कसैको निम्ति प्रार्थना गर्नुभन्दा पहिले जब हामी परमेश्वरलाई धन्यवाद र प्रशंसा चढाउँछौं, उहाँले नै हाम्रो विश्वासलाई बढाइदिनु हुन्छ ।

सरल ढङ्गमा अनि सोझो प्रकारले प्रार्थना गर्नोस् ।

उदाहरणहरु:

- सरल प्रकारले अनुरोधहरु गर्नोस्: "प्रभु, रबिनलाई निको पारिदिनु होस् ।" प्रभु येशू ख्रीष्टले छोटो निवेदनहरु नै चढाउनुभयो । (मर्कूस ७:२५, ८:२२, १०:५१)

- बिरामी व्यक्तिमाथि हात राख्नोस्, अथवा छुनुहोस् । (मत्ती २०:३४, मर्कूस १:३१)

- तिनीहरुलाई तेलले अभिषेक गरिदिनु होस् । (याकूब ५:१४)

- प्रभुको नाउँमा आज्ञा गर्नोस्, *"नासरतको येशू खीष्टको नाउँमा, हिँड्डुल गर"* (प्रेरित ३:९)। अरु उदारहणहरु: मत्ती ८:३ (एक कोरी), यूहन्ना ११:४३ (लाजरसको पुनरुत्थान), प्रेरित ९:३४ (एनियास)। भूतहरु धपाउनको निम्ति निस्किजानको निम्ति कडा आज्ञा गर्नुपर्दछ (मत्ती ८:१६, मर्कूस १:२५, ५:८, ९:२५) । जब हामी यसो गर्दछौं, हामी प्रभु येशू खीष्टले दिनुभएको अधिकार मा यस्तो आज्ञा गर्दछौं । (मत्ती १०:१-८)

- पुर्खाबाट आएको रोग बिमार अथवा शैतानबाट प्रेरित भएका तरिकाहरुलाई तोडिदिनु होस् । धेरै पियक्कडहरु पियक्कडकै सन्तान हुन् । हामी उनीहरुको निम्ति यसरी प्रार्थना गरिदिन सक्छौं: "येशू खीष्टको नाउँमा, म यो पियक्कडपनको साङ्लालाई तोडिदिन्छु, अनि तिम्रा मातापिताका पापहरुबाट तिमीलाई स्वतन्त्र पार्दछु ।" परमेश्वरले पियक्कडपन, अश्लील साहित्य, समलैङ्गिकता, दुर्व्यसन अनि भाग्यको खेल, इत्यादिको दासत्त्वका साङ्लाहरु तोडिदिनु हुन्छ ।

- तपाईको आफ्नै प्रकारले प्रार्थना गर्नोस् (हरेकले एउटै पारामा प्रार्थना गर्नुपर्छ भन्ने छैन)।

टिप्पणी: हामी मानव-निर्मित औषधिको विरोध गर्दैनौं । पर मेश्वरले यसलाई चङ्गाइको निम्ति प्रयोग गर्नसक्नुहुन्छ । मुख्य कुरो चाहिँ बिरामी हुने व्यक्तिले परमेश्वरमा आशा र भरोसा गर्नुपर्दछ ।

प्रार्थना पछि, व्यक्तिलाई परामर्श दिनोस् ।

आफूले निको पार्नुभएका व्यक्तिहरुलाई प्रभु येशू ख्रीष्टले निर्देशनहरु दिनुभयो । जब उहाँले याइरसको छोरीलाई निको पार्नुभयो, उहाँले उसलाई खुवाउनको निम्ति आज्ञा गर्नुभयो (लूका ८:५५)। बेथस्दाको जलकुण्डमा निको हुने पक्षाघातीलाई प्रभुले भन्नुभयो, "हेर, तिमी निको भएका छौ । फेरि पाप नगर, र तिमीमाथि अझ बढी खराबी आइ नपरोस् ।" (यूहन्ना ५:१४) यदि बिरामी व्यक्ति निको भएन भने पनि, पर मेश्वरले उसलाई प्रेम गर्नुहुन्छ भनेर हामीले निश्चयता दिनुपर्छ, अनि बिरामीपनका विभिन्न कारणहरु बताइदिनु पर्छ । (२ कोरन्थी १२:७-१०)।

सारांश जाँच

पहिलो लहरको चाहिँ व्यक्तिबाट अनि दोस्रो लहरको चाहिँ उसका कष्टका कारणबाट शुरु गरेर रेखाहरु खिँच्नोस् । (पहिलो, अय्यूबको निम्ति अघि नै गरिएको छ, उदाहरणको निम्ति):

कष्ट पाएको व्यक्ति	**उसले कष्ट पाउनुको उद्देश्य**
अय्यूब	परमेश्वरको शक्ति प्रकट गर्नको निम्ति ।
अन्धो व्यक्ति (यूहन्ना ९)	कष्टमा पनि विश्वासयोग्यता प्रमाण गर्नु ।
स्तिफनस (प्रेरित ७)	पाप प्रकट गर्न ।
हननिया र सफिरा (प्रेरित ५)	महिमामा प्रवेश गराउनु ।
उडाऊ पुत्र (लूका १५)	पापीलाई पश्चातापमा ल्याउनु ।
कोरह (गन्ती १६)	दुष्ट विद्रोहीहरुलाई नष्ट पार्नु ।

१. मानिलिऊँ, तपाईले एक भाइलाई भेट्नुभयो जो आफ्नै लापरवाही अथवा दुर्व्यसनको कारणले बिरामी भएको छ। उसलाई कस्तो परामर्श दिनुहुन्छ ?

२. मानिलिऊँ, तपाईले मर्न लागेका एक विश्वासयोग्य पाको विश्वासीलाई परामर्श दिँदै हुनुहुन्छ। कस्तो सान्त्वना तपाई उसलाई दिनुहुन्छ ?

३. मानिलिऊँ, कुनै एक बिमारीले आफूलाई दुष्ट आत्माको नियन्त्रणमा सुम्पेको छ भन्ने कुरो पवित्र आत्माले तपाईलाई देखाउनु भयो। तपाईले उसको निम्ति कसरी प्रार्थना गर्नुहुन्छ ?

४. मानिलिऊँ, तपाईले एक परदेशीलाई भेट्नु भयो जो साह्रै बिरामी छ अनि मुस्किलले मात्र बोल्न सक्छ। तपाईलाई ऊ बिरामी हुनुको कारण थाहा छैन, नता उसको आत्मिकी अवस्थालाई नै जान्नु भएको छ। तपाई के गर्नुहुन्छ ?

टिप्पणीहरु:

अभ्यासको काम

- २ कोरन्थी १:३-४ कण्ठस्थ पार्नोस् ।

- यो अध्ययनलाई प्रयोग गरेर, बिरामीहरुलाई प्रार्थना गर्न र सान्त्वना दिन तपाईको मण्डलीलाई गतिमान तुल्याउनु होस् ।

- तिनीहरुले भेट्न लागेका बिरामी व्यक्तिहरुको नाउँ लेख्नोस्:

_____

_____

_____

_____

_____

_____

टिप्पणीहरु

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

038NP01A-01